मिति: २०८२।०५।०३ गते
**समय:** बिहान ८:०० बजे

बैठक सङ्ख्या : ०२

नगर कार्यपालिकाका नगरप्रमुख श्री भुपेन्द्रकुमार लावती ज्यूको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी निरौला | उपप्रमुख | |
| ३ | श्री बिष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री डम्बरबहादुर राँई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री भुमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जंगबीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | — |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बू | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| २० | श्री विष्णुप्रसाद सुबेदी | प्रमुख प्रशासकीय अधिकृत | |

१. अधिकृतस्तर दशौं . श्री. ~~[illegible]~~ कृष्णराज राई .
२. अधिकृतस्तर आठौं श्री. चेतनाथ गौतम
३. ईन्जिनियर श्री. भानुभक्त राई.
४. सहायकस्तर पाँचौं श्री. रवि सुबेदी
५. स्वकीय सचिव श्री. पहलाद खड्का
६. तारा भट्टराई का.स. Bhattarai

मिति:२०८२।०५।०३

कार्यपालिका निर्णयहरु:

| क.स. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा | मिति २०८२।०४।०६ गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरू सबै कार्यान्वयन भएको पाइयो। |
| २ | बार्षिक कार्ययोजना सम्बन्धमा। | आ.व.०८२।८३ को वजेट तथा कार्यक्रमलाई प्रभावकारी रूपमा समयमै सम्पन्न गर्न पहिलो चौमासिक अर्थात कात्तिक मसान्त सम्म वडा तथा पालिका योजनाहरू सम्झौता सकी कार्यान्वयनमा ल्याउने साथै आगामी चैत्र मसान्त सम्म योजना सम्पन्न गरी फरफारक गर्ने गरीको अनुसूचीख-१ बमोजिमको कार्ययोजना स्वृकित गर्ने। |
| ३ | एक वडा एक नगरको गौरवको योजना सम्बन्धमा। | लेटाङ नगरपालिकाको स्विकृत वार्षिक कार्यक्रम एक वडा एक नगरको गौरवको योजना यथासिघ्र अनलाईन बोलपत्र आवहान गरी कार्य अघि बढाउनुपर्ने भएको हुँदा वडा समितिको निर्णय वमोजिम प्राथमिकता क्रमानुसार देहायको शर्तको अधीनमा रही कम्तिमा ३ वटा योजनाहरू छनौट गरी सिफारिस गर्न पत्राचार गर्ने।<br>देहाय:<br>१. योजना कार्यान्वयन स्थल राष्ट्रिय वन, धार्मिक क्षेत्र तथा विवादित क्षेत्र छनौट गरी पठाउनुहुने छैन।<br>२. योजना छनौट गर्दा २५ लाखमा नवढ्ने गरी गर्नुपर्नेछ।<br>३. टुक्रा टुक्रा गरी योजना छनौट गर्न हुने छैन।<br>४. योजना छनौट गरी सिफारिस गर्दा भदौ १५ गते भित्र अनिवार्य रूपमा पठाउनुपर्नेछ।<br>५. बढि भन्दा वढी जनसंख्या प्रत्यक्ष लाभान्वित हुने किसिमका योजनाहरूलाई प्राथमिकतामा राखेर सिफारिस गर्नुपर्नेछ।<br>६. योजना सिफारिस गर्दा भौतिक पूर्वाधार तर्फका योजना मात्र सिफारिस गर्नुपर्नेछ। |
| ४ | सम्भाव्यता अध्ययन तथा IEE सम्बन्धमा। | वनक्षेत्रमा अवस्थित नदिजन्य पदार्थको संकलन तथा विक्रि वितरण सम्बन्धमा कोशी प्रदेश सरकार आर्थिक ऐन २०८२ को दफा ७ को उपदफा ४ बमोजिम डिभिजन वन कार्यालय सँगको समन्वयमा स्थानीय तहले गर्नेछ भनी गरेको व्यवस्था अनुरूप यस लेटाङ नगरपालिकाको वन क्षेत्रभित्र थुप्रिएको नदिजन्य पदार्थको क्षेत्र पहिचान गरी डिभिजन वन कार्यालय, मोरङ सँगको समन्वयमा IEE गर्ने। साथै चिसाङ,तेली र मोरङ्गी खोलाको IEE समेत पुनरावलोकनको गर्ने। |
| ४ | जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय कार्यान्वयन सम्वन्धमा। | चिसाङ खोला पुल उत्तर थुप्रिएको नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिको मिति:२०८२।०३।२५ गतेको निर्णय बमोजिम विपद व्यवस्थापनका लागि आवश्यक उत्खनन र संकलनका लागि IEE प्रतिवेदनमा ८००००/- घनमिटर परिणाम देखिएकोमा IEE रिपोर्ट अनुसार दैनिक ३०० घन |

२.८२/५/१२

| | | |
|---|---|---|
| | | मिटर उत्खनन गर्दा समेत कम्तिमा २६६ दिन समय उत्खनन्का लागि लाग्ने देखिन्छ। साथै जिल्ला विपद् व्यवस्थापन समितिले सम्बन्धित स्थानीय तह आफैले उत्खनन् गर्नुपर्ने भनिएकोमा उल्लेखित परिणाम धेरै देखिएकाले नगरपालिका OUTSOURCING नगरी उत्खनन् गर्न सम्भव नभएकोले निर्णय पुनरावलोकनका लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने। |
| ६ | बालमैत्री वडा घोषणा सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ४ लाई प्राप्त सूचकांङ्का आधारमा मिति:२०८२।०५।२९ गते वालदिवसका दिन वालमैत्री वडा घोषणा गर्ने पूर्व तयारीका लागि ४ नं वडा कार्यालय र महिला वालबालिका शाखालाई निर्देशन गर्ने। |
| ७ | नदिजन्य पदार्थ सम्बन्धमा। | आ.व. २०८१।८२ मा चिसाङ, मोरङ्गी र तेली खोलाको नदिजन्य पदार्थको उत्खनन सम्वन्धमा उच्च अदालत विराटनगरवाट भएको अन्तरिम आदेश हुनु अघि चिसाङ खोलावाट बढि उत्खनन् भएको ९७०१ घनमिटर र सो पछि अदालतको आदेश वमोजिम थप उत्खनन् भएको २३७९० घनमिटर र अन्तरिम आदेश पछि तेलि खोलामा थप उत्खनन भएको १६८५३ घनमिटर सम्वन्धमा राजश्व असुलिको मागदावी गर्न सम्वन्धित अदालत समक्ष न्यायिक प्रक्रिया अघि बढाउन देहाय वमोजिम गर्ने।<br>देहाय:<br>क.अदालतवाट तोकिएको धरौटी वापत हुन आउने रकम विविध खर्च शिर्षकवाट जम्मा गर्ने,<br>ख.लेटाङ नगरपालिकाको तर्फवाट यस नगरपालिकाका ई. भानुभक्त राईलाई प्रतिनिधि तोक्ने। |
| ८ | इन्धन सम्बन्धमा। | लेटाङ नगरपालिकाको क्षेत्रमा अवस्थित सुरक्षा निकायहरुलाई गस्तिलाई चुस्त तथा दुरूस्त बनाउनका लागि मासिक रूपमा देहायको परिमाणमा इन्धन सुविधा उपलब्ध गराउने।<br>देहाय: (तलको तालिका)<br>नोट: उल्लेखित इन्धनको परिणाम वाहेक वडा कार्यालयबाट उक्त शिर्षकमा छुट्टै रूपमा इन्धन सुविधा उपलब्ध गराउन पाइनेछैन। |
| ९ | सेवा करार सम्बन्धमा। | लेटाङ नगरपालिकामा रहेको सूचना प्रविधि अधिकृतको पद -१ रिक्त रहेकोले उक्त पदमा करार सेवाका लागि विज्ञापन प्रकाशन गर्ने। |

देहाय (बुँदा ८):

| क.सं | सुरक्षा निकायको नाम | इन्धन (ली) | कैफियत |
|---|---|---|---|
| १ | इलाका प्रहरी कार्यालय लेटाङ | ८० | |
| २ | शसस्त्र प्रहरी वल, पथरी | ३० | |
| ३ | अस्थाई प्रहरी चौकी जाँते | २० | |
| ४ | अस्थाई प्रहरी चौकी वाराङ्गी | ३० | |
| ५ | प्रहरी चौकी बुधबारे | २० | |

२०८२/५/१२

| | | |
|---|---|---|
| १० | नियमावली / कार्यविधि तथा मापदण्ड सम्बन्धमा। | लेटाङ नगरपालिकामा हाल आवश्यक देखिएका देहायको नियमावली / कार्यविधि तथा मापदण्ड तयार गरी आगामी कार्यपालिकामा पेश गर्न विधायन समितिलाई निर्देशन दिने।<br>देहायः<br>१. करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि<br>२. लेटाङ नगरपालिका खर्चको मापदण्ड<br>३. कक्षा ८ को परिक्षा संचालन सम्बन्धि कार्यविधि<br>४. खेलकुद विकास नियमावली<br>५. सामुदायिक कुकुर वन्ध्याकरण कार्यक्रम कार्यान्वयन कार्यविधि<br>६. सडक हेरालु मापदण्ड |
| ११ | ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम सम्वन्धमा। | लेटाङ नगरपालिकाको पहाडी भुभागमा रहेका वडाहरुमा पशु स्वास्थ्य कार्यकर्ता सम्वन्धि तालिम पशु सेवा तालिम केन्द्र दुहवीसंगको समन्वयमा संचालन गर्ने र तालिम पश्चात अनिवार्य तोकिएको क्षेत्रमा सेवा गर्ने शर्त सहित वडा नं १ वाट ४ जना वडा नं ७ वाट ४ जना र वडा नं ८ वाट २ जना गरी १० जना छनौट गरी तालिमका लागि पठाउने । |
| १२ | गत आ.व.को भुक्तानी सम्वन्धमा। | लेटाङ नगरपालिकाको गत आ.व. २०८१।८२ को महिला स्वयंसेवीहरूको उत्प्रेरणा खर्च वापत रू ४९५०००/- भुक्तानी छुट भएकाले हाललाई कर्मचारी प्रोत्साहन खर्च शिर्षकबाट भुक्तानी गरी आगामी हिउँदे नगरसभाबाट भुक्तानी श्रोत मिलान गर्ने। |
| १३ | अध्ययन गरी प्रतिवेदन पेश गर्ने सम्वन्धमा। | लेटाङ नगरपालिकामा कामकाज गर्दै आएका सरसफाईकर्मी, हेरालु कर्मचारी, ज्यालादारी कर्मचारी, करार कर्मचारीहरूको वृति सम्बन्धमा र करार कर्मचारीको सामाजिक सुरक्षा तथा महङ्गी भत्ता सम्वन्धमा अध्ययन गरी एक महिना भित्र प्रतिवेदन पेश गर्न सामाजिक विकास समिति संयोजकको संयोजकत्वमा देहायको समिति गठन गर्ने।<br>देहायः<br>संयोजक - रामकुमार श्रेष्ठ<br>सदस्य – चेतनाथ गौतम<br>सदस्य सचिव – सरोज सुवेदी |
| १४ | विपद राहत सम्वन्धमा। | लेटाङ नगरपालिका वडा नं ७ को कुम्ले भन्ने स्थानमा अवस्थित श्री सन्तकुमार लिम्बुको घर मितिः२०८२।०४।०७ गते आगोलागी भएकोले उक्त स्थानमा तत्काल राहात व्यवस्था गरिएकोमा राहत रकम रू २१०१०/- श्रोतभर्ना प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) |
| १५ | आर्थिक सहयोग सम्वन्धमा। | लेटाङ नगरपालिका नगरकार्यपालिका जेष्ठ कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मालाई मानसिक सन्तुलन गुमाएको अग्नी प्रसाद नेपालले घरमै गई रडले टाउको हातमा पटक पटक प्रहार गरी गम्भिर घाईते बनाएको साथै निज आर्थिक रूपमा विपन्न परिवार अन्तर्गत रहेको हुँदा निजलाई रू१,००,०००/-(एक लाख) आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः विपन्न नागरिक आर्थिक उपचार सहयोग) |

| | | |
|---|---|---|
| १६ | गरिबी निवारण कोष सन्चालन सम्बन्धमा। | लेटाङ नगरपालिका गरिबि निवारण कोष संचालन कार्यबिधिको अधिनमा रहि गरिवि निवारण कार्यक्रमका लागि सूचना प्रकाशन गर्ने। |
| १७ | मेला सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ९ मा अवस्थित श्री उज्यालो जिवन प्रतिष्ठान नेपालले लागुपदार्थ दुर्वयसनीबाट आफू पनि बाँचौ अरूलाई पनी बचाऔं भन्ने मुल नाराका साथ लेटाङ नगरपालिका वडा नं ६ स्थित प्याब्सुल चौरीमा मेला आयोजनाका लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस प्रदान गरिदिनुहन भनी माग निवेदन प्राप्त भएकोमा उक्त उज्यालो जिवन प्रतिष्ठान नेपाललाई मितिः२०८२।०६।१० गते देखि मितिः२०८२।०६।२४ गते सम्म मेला संचालन अनुमतीका लागि जिल्ला प्रशासन कार्यलय मोरङमा सिफारिस गर्ने। |
| १८ | सुकेचौरी खेलमैदान सम्बन्धमा। | लेटाङ नगरपालिकामा सुकेचौरी खेलमैदान निर्माणका लागि आ.व.०८२।८३ मा संघिय खेलकुद मन्त्रालयबाट रू ३ करोड बजेट विनियोजन भएकोमा उक्त योजना संचालनका लागि सिफारिस माग भएकोमा विषयमा वडा कार्यालयमा सोधनी हुँदा स्थानीय भद्र भलाद्मी तथा वडा कार्यालयबाट स्थलगत सर्जमिन सहितको सिफारिस प्राप्त भएको र उक्त सर्जमिन सिफारिस अनुसार उक्त स्थान खाली पर्ती चउर भएको कुनै व्यक्ती संस्था वा निकायको नाममा दर्ता प्रमाणिकरण भई पूर्जा श्रेष्ता प्राप्त नभएको जग्गा रहेको साथै उक्त स्थानमा खेलमैदान निर्माण गर्दा कुनै प्रकारको फरक नपर्ने भनी बुझिन आएकाले नियमानुसार योजना संचालनका लागि राष्ट्रिय खेलकुद परिषदमा सिफारिस गर्ने। |
| १९ | विपद् रहात सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ७ मा अवस्थित श्री सन्तकुमार लिम्बुको घर आगोलागी भई पूर्ण रूपमा नस्ट भएको हुँदा निजलाई घर निर्माणका लागि रू २५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)<br>२.लेटाङ नगरपालिका वडा नं २ मा बस्ने श्री गोपाल बहादुर मल्ल ठकुरीको घर आगोलागि भई क्षती भएको भनी क्षतिपूर्तिका लागि माग निवेदन प्राप्त भएकाले निजलाई रू ५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) |
| २१ | वार्षिक समिक्षा | लेटाङ नगरपालिकाको आ.व.२०८१।८२ को वार्षिक समिक्षा भाद्र तेश्रो हप्ता गर्ने। |
| २२ | आर्थिक सहायता कार्यविधि २०७७ (पहिलो संसोधन) | आर्थिक सहायता कार्यविधि २०७७ को दफा १० ले दिएको अधिकार बमोजिम दफा ७ को उपदफा च पछि उपदफा छ थपिएको छ।<br>अति विपन्न परिवार वा परिवारका सदस्यहरूलाई प्राकृतिक तथा गैर प्राकृतिक रूपमा ठूलो जनधनको क्षति हुने गरी दुर्घटना तथा गम्भिर अङ्ग भङ्गग अथवा मृत्यू भई पिडितको विशेष अवस्था सिर्जना भएको अवस्थामा कार्यपालिकाले निर्णय गरी अधिकतम रू १०००००/- (एक लाख ) एक पटकका लागि आर्थिक सहयोग गर्न सक्नेछ। |
| २३ | आर्थिक विकास समितिको निर्णयको अनुमोदन सम्बन्धमा। | लेटाङ नगरपालिका आर्थिक विकास समितिले लम्फि माहामारी फैलिने क्रममा रहेकाले तत्काल भ्याक्सिनेटर नियुक्ती गरी खोप कार्यक्रम संचालन गर्नुपर्ने भएकाले भ्याक्सिनेटर नियुक्ती गरी कामकाज लागाएकोमा उक्त कार्यको अनुमोदन गर्ने। साथै भ्याक्सिनेटरलाई विपद् व्यवस्थापन कोषबाट पारिश्रमिक उपलब्ध गराउने। |

| | | |
|---|---|---|
| २६ | आय ठेक्का सम्बन्धमा। | लेटाङ नगरपालिकाको आन्तरिक आय ठेक्का दुई पटक सम्म खुल्ला रूपमा आवहान गर्दा समेत कुनै पनी बोलपत्र नपरेको हुँदा हाललाई उक्त आय ठेक्का रद्द गर्ने। |
| २७ | औषधि उपचार आर्थिक सहयोग सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं १ को वडा समितिको निर्णय बमोजिम श्री दल बहादुर राईलाई विपन्न नागरिक आर्थिक सहयोग स्वरूप रू१५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः वडा नं १ को विपन्न नागरिक औषधी उपचार तथा स्वास्थ्य विमा आर्थिक सहयोग) |
| २८ | कर्मचारी प्रोत्साहन सम्बन्धमा। | लेटाङ नगरपालिका आ.व.२०८२।८३ को नीति अनुरूप स्थाई, अस्थाई तथा करारमा वडा नं १,७ तथा वडा नं ८ को ज्यामिरेमा कार्यरत कर्मचारीहरूलाई देहाय बमोजिमको प्रोत्साहन रकम उपलब्ध गर्ने।<br>__देहायः__<br>अधिकृतस्तर कर्मचारीको लागिः रु२०००/-<br>सहायकस्तर पाँचौ कर्मचारीको लागि रू १८००/-<br>सहायकस्तर चौथो कर्मचारीको लागि रु १६००/-<br>कार्यालय सहयोगीका लागि रू१५०० |
| २९ | सडम मर्मत हेरालु सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं १ को बिभिन्न सडकहरूको बर्षाको समयमा सडक हेरालु राख्ने सम्बन्धमा वडा नं १ को कार्यालयबाट प्राप्त सिफारिसको आधारमा देहायको सडकमा देहायको सडक हेरालु राख्ने। (श्रोतःसडक नियमित मर्मतका लागि हेरालु व्यवस्थापन)<br>__लाख हर्दिया मुर्चुङ्गी सडकको लागिः__<br>• डिक बहादुर लिम्बु<br>• नगेन्द्र मगर<br>__कुईकुण्डा थामफेदी सडकको लागिः__<br>• हेमराज थापामगर<br>• रोहित मगर<br>__लोखरा राजारानी सागमा आईतबारे सडकको लागिः__<br>• बम बहादुर मगर<br>• गंगा बहादुर मगर<br>• सुख बहादुर लिम्बू<br>• टंक प्रसाद लिम्बु<br>• गणेश बहादुर मगर<br>• सानु राई<br>• तारा बहादुर राई<br>__अँधेरी दंगाली सडकको लागिः__<br>• भक्त बहादुर मगर<br>__अँधेरी साकफारा लाख सडकको लागिः__<br>• बिर बहादुर मगर |

| | | |
|---|---|---|
| | | • सुजन मगर<br>अँधेरी बगुवा सरूपेटार सडकको लागिः<br>• तुलबहादुर तामाङ<br>• बृष बहादुर लिम्बु<br>आरुबोटे बथाहा सडकको लागिः<br>• रिता कुमार लिम्बु<br>रामपुर आईतबारे सडकको लागिः<br>• किसन लिम्बु<br>साग्मा किसे सडकको लागिः<br>• खड्का कुमार मगर |